# कालिका नगरपालिकाको वार्षिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

स्वीकृत मिति: २०८२/०८/१३

प्रस्तावनाः

कालिका नगरपालिकाबाट स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम मार्फत प्रवाह गरिने सेवालाई सरल, सहज, सुव्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले कालिका नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३६ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "कालिका नगरपालिकाको वार्षिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" रहकोछ।

(ख) यस कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) नगरपालिकाः "नगरपालिका" भन्नाले कालिका नगरपालिका, चितवनलाई सम्झनु पर्दछ।

(ख) कार्यपालिकाः "कार्यपालिका" भन्नाले कालिका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) समितिः "समिति" भन्नाले नगरपालिकाको आर्थिक विकास समिति सम्झनु पर्दछ।

(घ) कार्यालयः "कार्यालय" भन्नाले कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) उत्पादन सामग्रीः "उत्पादन सामग्री" भन्नाले कृषि उत्पादनका लागि आवश्यक चालु प्रकृतिका सामग्रीहरु (जस्तैः बीउ, विषादी, मलखाद, कृषि चुन तथा रसायन आदि) सम्झनु पर्दछ।

(च) कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूहः "कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह" भन्नाले कृषि बाली/वस्तुको उत्पादन, प्रशोधन एवं बजारीकरण गर्ने मूख्य उद्देश्य लिई सम्वन्धित निकायमा दर्ता भई नियमित सञ्चालनमा रहेका कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह सम्झनु पर्दछ।

(छ) आवेदकः "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रस्ताव पेश गर्ने कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह/कृषक सम्झनु पर्दछ।

(ज) लाभग्राहीः "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमबाट लाभ प्राप्त गर्ने कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह/कृषक सम्झनु पर्दछ।

(झ) वडा कार्यालयः "वडा कार्यालय" भन्नाले कालिका नगरपालिका, चितवन अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ।

(ञ) अनुदानः "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका लाभग्राहीलाई प्रचलित कानुन अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनु पर्दछ।

विनोद रेग्मी
नगर प्रमुख

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसचोक, चितवन
बागमती प्रदेश, नेपाल
२०७३



Scanned with CamScanner

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

**३. प्रस्ताव आह्वान गर्नु पर्ने:**

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुनुपर्ने कार्यक्रमहरु सञ्चालन गर्नका लागि कम्तिमा २१ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गरी नगरपालिका अन्तर्गतका इच्छुक आवेदकहरुबाट प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन गर्दा लक्ष्य अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले ७ दिनको समय सिमा राखी पुनः प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ।

**४. प्रस्ताव पेश गर्नु पर्ने:**

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक आवेदकहरुले अनुसूची १ मा निर्दिष्ट गरिएको प्रावधान अनुकुल हुने गरी अनुसूची २ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(ख) आवेदकले आवेदनका साथ अनुसूची ३ बमोजिमको व्यवसायिक कार्ययोजना, अनुसूची ४ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ५ बमोजिमका कागजातहरु समेत पेश गर्नुपर्नेछ।

(ग) तोकिएको समयभन्दा ढिलो गरी पेश हुने आवेदन उपर कारवाही गर्न कार्यालय बाध्य हुने छैन तर आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यस लगतै कार्यालय खुल्ने दिनमा पेश गर्न सकिनेछ।

**५. प्रस्ताव मूल्याङ्कन तथा लाभग्राही छनोट:**

(क) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन तथा छनोट सम्बन्धी सम्पूर्ण कार्य समितिले गर्नेछ।

(ख) समितिले आवश्यकता अनुसार जनप्रतिनिधि वा विज्ञ कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ग) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. प्रस्तावहरुको छनोटको मापदण्ड निर्धारण गर्ने/गराउने

२. आवेदन/प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने/गराउने

३. आवश्यकता अनुसार स्थलगत अनुगमन एवं मूल्याङ्कन गर्ने/गराउने

४. कार्यक्रम मार्फत सञ्चालन हुने क्रियाकलापहरुको लागत अनुमान तयार गर्ने/गराउने

५. स्वीकृत बजेटको परिधिमा रही लाभग्राही छनोट गर्न कार्यालयलाई लाभग्राही सिफारिस गर्ने

६. सङ्घीय र प्रदेश सरकारबाट सशर्त हस्तान्तरण भएका कृषि विकासका कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यविधिमा प्रस्ताव मूल्याङ्कन एवं छनोट समिति तोकिएको अवस्थामा बाहेक यसै समितिले प्रस्ताव मूल्याङ्कन एवं छनोट समिति भई कार्यक्रम सञ्चालन गर्ने/गराउने।

**६. सम्झौता, कार्यादेश तथा भुक्तानी:**

(क) कार्यालयले दफा ५ बमोजिम सिफारिस भई आएका लाभग्राहीहरुलाई छनोट गरी सम्झौताका लागि कम्तिमा ७ दिनको म्याद सहितको सूचना प्रकाशन गरी आह्वान गर्नु पर्नेछ।

(ख) छनोटमा परेका आवेदकहरुले सम्झौताका लागि निवेदन पेश गरे पश्चात दुई पक्षीय सर्तहरुको बारेमा छलफल गरी स्वीकृत लागत अनुमान संलग्न गरी अनुसूची ६ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(ग) कार्यालयबाट छनोट भई दुई पक्षीय सम्झौता सम्पन्न गरी कार्यादेश प्राप्त लाभग्राहीलाई कार्यालयले दफा १४ बमोजिम भुक्तानी गर्नेछ।



CS Scanned with CamScanner

(घ) उपदफा (क), (ख) र (ग) मा जस्तो सुकै लेखिएको भएता पनि दफा १४ उपदफा (ग) बमोजित लाभग्राहीलाई सिधै कृषि सामग्री वितरण गर्न रोक लगाएको मानिने छैन।

## परिच्छेद ३

## वार्षिक कृषि विकास कार्यक्रम, कार्यक्रमको उद्धेश्य, सञ्चालन हुने क्रियाकलापः

७. केरा प्रवर्द्धन कार्यक्रम ५०% अनुदान

(क) स्थानीय स्तरमा व्यावसायिक रुप लिन सफल केरा खेतीलाई थप विस्तार एवं व्यवस्थित गर्नु कार्यक्रम सञ्चालनको मुख्य उद्धेश्य रहनेछ।

(ख) न्यूनतम १० कट्ठा क्षेत्रफलमा केरा खेती गरिरहेका वा खेती गर्ने कार्ययोजना पेश गरेका आवेदकहरु यस कार्यक्रमका लागि योग्य भएको मानिनेछ।

(ग) स्वीकृत वार्षिक वजेटको परिधिभित्र रही आवेदकको मागको आधारमा तपसिल बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

१. क्षेत्र विस्तारका लागि आवश्यक विरुवा/सकर लगायतका सामग्रीहरु खरिद/वितरण
२. केरा खेतीलाई व्यवस्थित गर्न आवश्यक यन्त्र/उपकरणहरु खरिद/वितरण
३. सिँचाईका लागि आवश्यक संरचना निर्माण एवं सामग्रीं खरिद/वितरण
४. वाली संरक्षणका लागि आवश्यक पासो, ल्युर, प्लाष्टिक थैला तथा विषादीहरु (रसायनिक विषादी बाहेक), आदि खरिद/वितरण
५. बजारीकरणका लागि आवश्यक सामग्री खरिद/पूर्वाधार निर्माण

८. वडा नं. ९,१० र ११ मा रैथाने बालि प्रवर्द्धन कार्यक्रम (कोदो, फापर,अदुवा, हलेदो, पिंडालु आदी) निःशुल्क वितरण

(क) स्थानीय मागका आधारमा कालिका नगरपालिकाका विभिन्न जातजाती, समुदाय तथा भुगोलहरुको मौलिक बालीको रुपमा परिचित रैथाने (कोदो, फापर,अदुवा, हलेदो, पिडालु आदी) बालीहरुको क्षेत्रफल विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्धेश्य रहनेछ।

(ख) यो कार्यक्रम कालिका नगरपालिकाको वडा नं ९, १० र ११ गरी तीन वटा वडाहरुमा सञ्चालन गरिनेछ ।

(ग) उपदफा (ख) मा जस्तोसुकै लेखिएको भएता पनि अन्य वडाहरुबाट समेत आवेदक सिफारिस भई आएमा उक्त स्थानहरुमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(घ) आवेदकले पेश गरेको कार्ययोजनाको आधारमा परिमाण यकिन गरी रैथाने बालीको बीउ बिजन, गानो वा अन्य प्रसारण सामग्री वितरण गर्न सकिनेछ।

९. ड्रयागन फ्रुट प्रवर्द्धन कार्यक्रम ५०% अनुदान

(क) स्थानीय स्तरमा व्यावसायिक रुपमा विस्तार हुँदै गरेको ड्रयागन फ्रुट खेतीलाई थप विस्तार, प्रवर्द्धन तथा व्यवस्थित रुपमा विकास गर्नु यस कार्यक्रम सञ्चालनको मुख्य उद्देश्य रहनेछ।

(ख) न्यूनतम ५ कट्टा क्षेत्रफलमा ड्रयागन फ्रुट खेती गरिरहेका वा खेती गर्ने कार्ययोजना पेश गरेका आवेदकहरु यस कार्यक्रमका लागि योग्य भएको मानिनेछ।

(ग) स्वीकृत वार्षिक वजेटको परिधिभित्र रही आवेदकको मागको आधारमा तपसिल बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

१. क्षेत्र विस्तारका लागि आवश्यक ~~विरुवा एवं~~ पिल्लर/पोल खरिद/वितरण
२. सिँचाईका लागि आवश्यक संरचना निर्माण एवं सामग्री खरिद/वितरण



विनोद रेग्मी
नगर प्रमुख

CS Scanned with CamScanner

३. बाली संरक्षणका सामग्रीहरु (रासायनिक विषादी बाहेक)

१०. ५०% अनुदानमा मल्चिङ प्लास्टिक वितरण

(क)खेती गरिने जमिनमा चिस्यान बचाउन, झारपात नियन्त्रण एवं सघन खेती गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) न्यूनतम ५ कठ्ठामा तरकारी तथा फलफूल खेती गरिरहेका वा खेती गर्ने कार्ययोजना पेश गरेका आवेदकहरु यस कार्यक्रमका लागि योग्य भएको मानिनेछ।

(ग) आवेदकबाट प्रस्तावित बालीको प्रकृती र खेती गरिने क्षेत्रफलका आधारमा प्लाष्टिक मल्चिङ्गको परिमाण एकिन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

११. च्याउ प्रवर्द्दन कार्यक्रम ५०% अनुदान

(क) नगरपालिकामा पकेटका रुपमा स्थापित भइसकेको च्याउ खेतीलाई व्यवस्थित एवं विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख)स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही आवेदकको मागको आधारमा देहायका क्रियाकलाkहरु सञ्चालन गर्न सकिनेछ।

१. उत्पादन विस्तारका लागि आवश्यक बीउ (स्पन) तथा सब्सट्रेट तयारीका लागि आवश्यक सामग्रीहरु
२. वातावरण अनुकुलित गर्नका लागि आवश्यक संरचना निर्माण तथा मर्मत सम्भार
३. बजारीकरणका लागि आवश्यक सामग्री (क्रेट, तराजु, थैला आदि) खरिद/वितरण
४. च्याउ खेतीका लागि आवश्यक यन्त्र/उपकरणहरु खरिद/वितरण

१२. कृषि औजार सामाग्री ५०% अनुदानमा वितरण

(क)कृषिजन्य बालीहरुको उत्पादनमा लागत, श्रम तथा समयको बचत गरी कम श्रम, समय र लागतमा कृषिजन्य बालीको उत्पादन तथा बजारीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख)वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही निम्न मापदण्डलाई मध्यनजर गर्दै आवेदकको मागको आधारमा देहाय बमोजिमका कृषि औजार/उपकरणहरु वितरण गर्न सकिनेछ।

| क.स. | यन्त्र/उपकरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | मिनिटिलर | कम्तिमा ५ कट्ठा मा खेति गरिरहेको हुनुपर्ने। | तरकारी खेती, टनेलभित्र गरिने खेती र ठुलो ट्याक्टरबाट जोताई सम्भव नहुने स्थानका लागि मात्र। |
| २ | धान काट्ने मेसिन (सेल्फ प्रोपेल्ड रिपर) | कम्तिमा ५ विघा क्षेत्रफलमा धान खेति गरिरहेको हुनुपर्ने। | |
| ३ | मकै छोडाउने मेसिन (मेज सेलर) | कम्तिमा १० कठ्ठामा मकै खेति गरिरहेको हुनुपर्ने। | |



Scanned with CamScanner

| क.स. | यन्त्र/उपकरण | मापदण्ड | कैफियत |
| --- | --- | --- | --- |
| ६ | डिजिटल तराजु | कम्तिमा ५ कट्ठामा तरकारी खेति गरिरहेको हुनुपर्ने। | |
| ७ | मकै रोप्ने मेसिन (Jab Planter/Hand Push Roller Seeder) | (क)Jab Planter को लागि कम्तिमा ५ कट्ठामा मकै खेति गर्नु पर्ने। (ख)Hand Push Roller Seeder को लागि कम्तिमा १ बिघामा मकै खेति गर्नु पर्ने। | |
| ८ | झार गोड्ने मेसिन (Weeder) | कम्तिमा १ बिघामा खेति गरिरहेको हुनुपर्ने। | मकै, तरकारी तथा फलफूल खेतीका लागि मात्र |
| ९ | ड्याङ बनाउने मेसिन | कम्तिमा १० कट्ठामा तरकारी खेति गरिरहेको हुनुपर्ने। | |

**१३. सामुहिक खेती गर्ने कृषकहरुको समुह/ सहकारी तथा संस्थाहरुलाई ५०% अनुदान सहयोग कार्यक्रम**

(क)सामूहिक श्रम तथा स्रोतको प्रभावकारी उपयोग गरी सामूहिक प्रयत्नमार्फत कृषि उत्पादन गरी बजार व्यवस्थापन सुदृढीकरण मार्फत समूहमा आवद्ध कृषकको आय-वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

(ख)आवेदक कृषक समूह/कृषि सहकारीको मागको आधारमा कृषि उत्पादन वृद्धि एवं बजारीकरण प्रवर्द्धन गर्न देहायका क्रियाकलापहरु समावेश गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१. सामूहिक खेतीका लागि आवश्यक उत्पादन सामग्रीहरु खरिद/वितरण

२. आवश्यक यन्त्र/उपकरण खरिद/वितरण

३. सिँचाई व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण तथा सामग्री खरिद/वितरण

४. बाली संरक्षणका लागि आवश्यक पासो, ल्युर, विरुवा वर्धक PGRs, विषादीहरु (रसायनिक विषादी बाहेक) खरिद/वितरण

५. बजारीकरण प्रवर्द्धनका लागि आवश्यक क्रेट, तराजु, बोरा/थैलाहरु खरिद/वितरण

## परिच्छेद ४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्षः

**१४. अनुदान उपलब्ध गराउन सक्ने/अनुदानमा कृषि सामग्री उपलब्ध गराउन सक्नेः**

(क) कार्यालयले वार्षिक स्वीकृत वजेटको परिधिभित्र रही कार्यालयसँगको सम्झौता र कार्यादेश अनुसार वार्षिक कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्ने लाभग्राहीहरुलाई सम्वन्धित प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनका आधारमा जम्मा मूल्याङ्कित रकम वा जम्मा अनुमानित रकम मध्ये जुन कमी हुन्छ

Scanned with CamScanner

त्यसैलाई आधार मानी तोकिएको प्रतिशत बमोजिम हुने रकम मात्रै अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम प्रदान गरिने अनुदान रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

(ग) उपदफा (क) र (ख) मा जस्तोसुकै लेखिएको भएता पनि बीउ/बिजन/बेर्ना वा अन्य सामग्रीको खरिद र वितरणमा सिमित हुने कार्यक्रमहरुको लागि कार्यालयले सम्बन्धित लाभग्राहीलाई दफा ९ बमोजिम हुने गरी अनुदानमा कृषि सामग्री उपलब्ध गराउन र सम्बन्धित आपूर्तिकर्ता/सेवा प्रदायकलाई बैंक मार्फत भुक्तानी दिन सक्नेछ।

(घ) कार्यक्रमका लागि आवश्यक सेवा/सामग्रीहरु खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित अन्य ऐन/कार्यविधि/निर्देशिका अनुकुल हुने गरी गर्नु पर्नेछ।

(ङ) कुनै पनि कार्यक्रम अन्तर्गत तालिम सञ्चालन गर्नु परेमा स्वीकृत टिप्पणी/आदेश र पेश हुने प्रतिवेदनका आधारमा कार्यालयबाट प्रचलित बिधि अनुसार खर्च गर्न सकिनेछ।

१५. अनुदानको सीमा:

(क) कार्यालयसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालनका लागि छनोट भएका लाभग्राहीहरुलाई कार्यालयले अनुसूची ७ बमोजिम हुने गरी प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

(ख) लागतको बाँकी रकम सम्बन्धित लाभग्राहीले स्वलगानी गर्नु पर्नेछ।

(ग) उपदफा (क) र (ख) मा जस्तोसुकै लेखिएको भएता पनि दफा १६ बमोजिम साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुमा लाभग्राहीको स्वलगानी सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद ५

## विविध

१६. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:

(क) सम्बन्धित कार्यक्रमको उद्देश्य अनुरुप हुने गरी समान प्रकृतीको क्रियाकलाप सञ्चालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ/संस्थासँगको प्राविधिक तथा आर्थिक साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ख) यस दफा बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानुनको अनुकुल हुने गरी गर्नु पर्नेछ।

(ग) साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु कार्यालयको सम्पर्कमा आउनु पर्नेछ।

(घ) कार्यक्रम सञ्चालन गर्दा कार्यालय, लाभग्राही र सम्बन्धित सरकारी तथा गैरसरकारी संघ/संस्थाबीच त्रिपक्षीय सम्झौता गरी सोही बमोजिम सञ्चालन गरिनेछ ।

१७. दोहोरोपना हुन नहुने:

(क) कृषि क्षेत्रमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकार गरी तीन तहकै सरकार र गैर सरकारी संस्थाहरुबाट पनि लागत साझेदारी हुने गरी प्रोत्साहन एवं प्रवर्द्धन जन्य क्रियाकलाप सञ्चालन हुने हुँदा एउटै लाभग्राहीमा एकै प्रकृतिको कार्यक्रम नदोहोरिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) उपदफा (क) प्रयोजनको लागि आवेदक/लाभग्राहीले आवेदन पेश गर्ने समयमा अन्य सरकारी एवं गैर-सरकारी संस्था/निकायबाट सोही प्रकृतीको क्रियाकलापका लागि दोहोरोपना हुने गरी प्रोत्साहन तथा अनुदान नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ।

दिनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

(ग) उपदफा (क) मा जस्तोसुकै लेखिएको भएता पनि दफा १६ बमोजिम त्रिपक्षीय सम्झौता गरी सञ्चालन हुने कार्यक्रमलाई दोहोरोपना भएको मानिने छैन।

१८. अनुगमन तथा मूल्याङ्कनः

समिति र कार्यालयले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नु/गराउनु पर्नेछ।

१९. दुरुपयोग गर्न नहुनेः

(क)साझेदार/लाभग्राहीले यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरुबाट अनुदान रकम वा सामग्री लिई दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

(ख) आवेदक/लाभग्राहीले देहायका समयमा प्रोत्साहन रकम वा सहुलियत मूल्यमा सामग्री प्राप्त गरे पश्चात निर्धारित समयसम्म उद्देश्य अनुरुपका कार्य निरन्तर गर्ने र दुरुपयोग नगर्ने गरी प्रतिबद्दता पेश गर्नुपर्नेछ।

१. सामग्री बुझ्ने/हस्तान्तरणको समयमा

२. भुक्तानीका लागि निवेदन पेश गर्ने समयमा

२०. विवरण सार्वजनिक गर्नुपर्नेः

(क)यस कार्यविधि मार्फत कार्यालयको लागत साझेदारी भएको वा कार्यालयबाट निशुल्क वितरण हुने सामग्रीहरुमा अनुसूची ८ र क्षेत्र विस्तार तथा प्रवर्द्धनात्मक कार्यक्रमहरुमा अनुसूची ९ बमोजिमको विवरण सबैले देखे गरी लेखुपर्नेछ।

(ख)उपदफा (क) मा जस्तोसुकै लेखिएको भएता पनि दफा १६ बमोजिम साझेदारीमा सञ्चालन भएका कार्यक्रमहरुमा सम्झौतामा उल्लेख भए बमोजिमको लागत साझेदारी विवरण खुल्ने गरी अनुसूची ८ र ९ मा भएका विवरणलाई परिमार्जन गर्न सकिनेछ ।

(ग) कार्यलयले आर्थिक वर्ष समाप्त भए पश्चात वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुको विवरण समेत सार्वजनिक गर्नु पर्नेछ।

२१. खर्च सार्वजनिक एवं सार्वजनिक परीक्षण गर्नुपर्नेः

यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमका लाभग्राहीहरुले प्रचलित विधि/कानुन अनुसार खर्च सार्वजनिक एवं सार्वजनिक परीक्षण गर्नु/गराउनु पर्नेछ।

२२. कार्यविधि संशोधन तथा परिमार्जनः

कार्यपालिकाले यस कार्यविधि तथा यसका अनुसूचीहरुमा आवश्यक परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

२३. बाधा/अड्काउ फुकाउनेः

यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा/अड्काउ, दुविधा वा कुनै समस्या आइपरेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

विनोद रेग्मी
नगर प्रमुख



Scanned with CamScanner

अनुसूची १

दफा ४ उपदफा (क) संग सम्बन्धित

कार्यक्रमहरुमा आवेदन पेश गर्ने आवेदक सम्बन्धी प्रावधान

| क.सं. | कार्यक्रमको नाम | आवेदन पेश गर्न सक्ने आवेदक |
|---|---|---|
| १ | केरा प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह |
| २ | वडा नं., ९,१० र ११ मा रैथाने बालि प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, अदुवा, हलेदो, पिंडालु आदी) निःशुल्क वितरण | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह/कृषक |
| ३ | च्याउ प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह |
| ४ | ड्रयागन फ्रुट प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह |
| ५ | ५०% अनुदानमा मल्चिङ प्लास्टिक वितरण | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह |
| ६ | कृषि औजार सामाग्री ५०% अनुदानमा वितरण | कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/कृषक समूह |
| ७ | सामुहिक खेती गर्ने कृषकहरुको समुह/ सहकारी तथा संस्थाहरुलाई ५०% अनुदान सहयोग कार्यक्रम | कृषि सहकारी/कृषक समूह |

विनोद रेग्मी
नगर प्रमुख



Scanned with CamScanner

अनुसूची २

दफा ४ उपदफा (क) संग सम्बन्धित

आवेदकले पेश गर्ने आवेदनको ढाँचा

मितिः ...............................

श्री कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम चितवन।

विषयः कार्यक्रम माग गरिएको बारे।

प्रस्तुत विषयमा कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति ................ गते प्रकाशित सूचना बमोजिम ........................................................................ कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न इच्छुक भएकाले यो प्रस्ताव पेश गरेका को छौं छु।

स्वघोषणः

यसै प्रकृतिका कार्यका लागि मैले हामीले अन्य कुनै सरकारी संघ/संस्थाबाट अनुदान सहयोग लिएको छैन/छैनौं भनी स्वघोषण गर्दछु गर्दछौं । झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहनेछु बुझाउनेछु।

निवेदकः

दस्तखतः

नामः

पदः

संस्थाको नामः

ठेगानाः

फोन नं.

छापः

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल

विनोद रेग्मी
नगर प्रमुख



CS Scanned with CamScanner

अनुसूची ३

दफा ४ उपदफा (ख) संग सम्बन्धित

आवेदकले पेश गर्ने संक्षिप्त व्यावसायिक कार्ययोजनाको नमुना

कार्यक्रमको नाम:.................................. आ.व.................

लाभग्राही विवरण:

महिला............... पुरुष................. जम्मा.................

आदिबासी..........जनजाती...........दलित..........(ब्राम्हण क्षेत्री)........... अन्य..............

द्वन्द पिडित................ विपद् प्रभावित ................ वैदेशिक रोजगारीबाट फर्किएका ..................

ठेगाना: कालिका नगरपालिका वडा नः ......... टोल: ......................................

क) सञ्चालन गर्न खोजेको व्यवसाय कार्यक्रमको नाम:

ख) व्यवसायको उद्देश्यहरु

१.

२.

ग) खेती व्यवसायले बातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ पार्दैन?

घ) भावी योजना:

प्रत्यक्ष रोजगारी संख्या: ...........

खेती व्यवसाय गरेको भए विगत कति वर्ष देखि निरन्तर गरि रहेको: वर्ष.......... महिना..........

कार्यक्रम सञ्चालनको योजना (सञ्चालन पश्चात देहायको परिमाणमा कृषि व्यवसाय सञ्चालन हुनेछ।)

| क.सं. | कृषकको नाम थर | कृषि व्यवसायको विवरण | क्षेत्रफल/सङ्ख्या | | एकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अहिलको अवस्था | कार्यक्रम सञ्चालन पश्चात | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

संक्षिप्त आर्थिक योजना:

| क.सं. | आवश्यक सामग्री/संरचना/यन्त्र उपकरण | एकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| कुल लागत अनमान रु. | | | | | | |
| नगरपालिकाको तर्फबाट रु. | | | | | | |
| लाभग्राहीको स्वलगानी रु. | | | | | | |

कार्ययोजना पेश गर्नेको:

दस्तखत:

नाम:

संस्थाको छाप:

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

विनोद रेग्मी
नगर प्रमुख

CS Scanned with CamScanner

अनुसूची ४

दफा ४ उपदफा (ख) संग सम्बन्धित

प्रतिबद्धता पत्र

कालिका नगरपालिकाको मिति ..........................को सूचना अनुसार .......................................... कार्यक्रम सञ्चालनको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्यहरु आवश्यक लागत साझेदारी सहित सम्पन्न गरी निरन्तर ............. वर्षसम्म सो व्यवसाय सञ्चालन गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा कालिका नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम/सामग्री प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा कानुन बमोजिम सहुँला/बुझाउँला।

साझेदारको तर्फबाट:

दस्तखत:

नाम:

पद:

ठेगाना:

सम्पर्क नं.:

मिति:

छाप:

| दायाँ | बाँया |
|---|---|
| | |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैदकसवाम, चितवन बागमती प्रदेश, नेपाल २०७२

विनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

अनुसूची ५

दफा ४ उपदफा (ख) संग सम्बन्धित

आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. अनुसूची २ बमोजिमको आवेदन र अनुसूची ३ बमोजिमको व्यावसायिक कार्ययोजना
२. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र
४. खेती गरिने जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (करारमा लिएको जमिन भए करारनामाको प्रतिलिपि- कम्तिमा ५ वर्षको करार हुनुपर्ने)- ऐलानी जमिन भएमा भोगचलन पत्र वा निस्साको प्रतिलिपि
५. चालु आ.व. को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि
६. सम्वन्धित वडा कार्यलयको सिफारिस पत्र

संस्थागत आवेदनको लागि थप आवश्यक कागजातहरु:

७. दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि
८. आन्तरिक राजस्व कार्यालयको पान दर्ता प्रमाणपत्रको प्रतिलिपि
९. अघिल्लो आ. व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
१०.समूह/सहकारीको लागि संस्थागत निर्णयको प्रतिलिपि

**कृषि औजार सामाग्री ५०% अनुदानमा वितरण** कार्यक्रमका लागि आवेदकले "कार्यालयले तोकेको दररेटमा अन्य कृषकहरुलाई समेत यान्त्रिकरण सेवा उलब्ध गराउने" प्रतिवद्धता समेत पेश गर्नु पर्नेछ।

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैडाङपाल, चितवन बागमती प्रदेश, नेपाल २०७३

विनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

अनुसूची ६

दफा ६ उपदफा (ख) सँग सम्बन्धित

सम्झौता पत्र

यस कालिका नगरपालिका आ.व. २०८१/८२ मा कृषि तर्फ स्वीकृत वार्षिक कार्यक्रम ..................................कार्यक्रम सञ्चालनका लागि प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरु उपर नगरपालिकाको, मिति ..................... गतेको निर्णयबाट छनोट भई कालिका नगरपालिका (यस पछि प्रथम पक्ष भनिएको) र ................... (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि दुई पक्षीय संम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं।

तपसिल:

१. यो सम्झौतापत्र कालिका नगरपालिका (प्रथमपक्ष) र अनुदानग्राही (दोस्रो पक्ष) बीच ................................ कार्यक्रम अन्तर्गत ......... टोलमा .................. क्रियाकलाप सञ्चालन गर्नका लागि हुनेछ।

२. सम्झौता भएको मिति देखि यो सम्झौता लागु भएको मानिनेछ।

३. दोस्रो पक्षले यसै साथ संलग्न स्वीकृत लागत अनुमानमा उल्लेख भएको क्रियाकलापहरू सम्झौता भएको मिति देखि सुरु गरी ............................ गतेभित्र सम्पन्न गरी सक्नुपर्नेछ।

४. कार्यसम्पन्नता पश्चात् भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मुल्याङ्कन गराई बिल सहितको कार्य सम्पन्न प्रतिवेदन, फोटो सहितको तयार गरी दोस्रो पक्षले प्रथम पक्ष सँग अनुरोध गर्नुपर्नेछ।

५. प्रथमपक्षले दोस्रो पक्षलाई सम्पन्न आयोजनाको प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा बढीमा रु. ................/-(अक्षरेपि: ............... मात्र) उपलब्ध गराउनेछ र बाँकी लागत दोस्रो पक्षले स्वलगानी गर्नुपर्नेछ।

६. प्रथमपक्षले कार्यसम्पन्नता पश्चात सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ।

७. लाभग्राग्राहीले कार्यक्रम सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने कार्यक्रम सूचना पाटी राख्नुपर्नेछ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भएपश्चातको सञ्चालन, आर्थिक व्यवस्थापन, अभिलेखीकरण, कामदार व्यवस्थापन, खरिद, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. कार्यक्रम अन्तर्गत खरिद गरिएका सामग्री/यन्त्र उपकरणहरुमा कालिका नगरपालिकाको वार्षिक कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को अनुसूची ८ मा भएको विवरण प्रस्टसँग देखिने गरी लेख्नु पर्नेछ।

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय टेडकाराम, चितवन बागमती प्रदेश, नेपाल २०७३

विनोद रेग्मी नगर प्रमुख

Scanned with CamScanner

१० सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ। सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट प्रचलित कानुन अनुसार हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ।

११. प्रथम पक्षले दोश्रो पक्षलाई रकम भुक्तानी गर्दा जम्मा रकमको १.५ प्रतिशत अग्रिम आयकर कट्टा गरिनेछ । यसरी प्राप्त १.५ प्रतिशत रकम राजश्व खातामा जम्मा गरिनेछ ।

१२. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| संस्थाको नामः<br>ठेगानाः<br>सम्पर्क व्यक्तिः<br>सम्पर्क नं.<br>हस्ताक्षरः<br>संस्थाको छापः | नाम थरः<br>पदः<br>हस्ताक्षरः<br>कार्यालयको छापः |
| रोहबर | |
| नामः<br>ठेगानाः<br>सम्पर्क नं.<br>हस्ताक्षरः | नाम थरः<br>पदः<br>हस्ताक्षरः |

मितिः

विनोद रेग्मी
नगर प्रमुख

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रैराङ्गपाखा, चितवन
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

अनुसूची ७

दफा १५ (क) संग सम्बन्धित

कार्यक्रमबाट उपलब्ध गराउन सकिने अधिकतम प्रोत्साहन अनुदान

| क.सं. | कार्यक्रमको नाम | कार्यालयको तर्फबाट उपलब्ध हुने अधिकतम प्रोत्साहन अनुदान |
|---|---|---|
| १ | केरा प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | ५०% |
| २ | वडा नं. ९,१० र ११ मा रैथाने बालि प्रवर्द्धन कार्यक्रम (कोदो, फापर, अदुवा, हलेदो, पिडालु आदी) निःशुल्क वितरण | १००% |
| ३ | च्याउ प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | ५०% |
| ४ | ड्रयागन फ्रुट प्रवर्द्धन कार्यक्रम ५०% अनुदान | ५०% |
| ५ | ५०% अनुदानमा मल्चिङ प्लास्टिक वितरण | ५०% |
| ६ | कृषि औजार सामाग्री ५०% अनुदानमा वितरण | ५०% |
| ७ | सामुहिक खेती गर्ने कृषकहरुको समुह/ सहकारी तथा संस्थाहरुलाई ५०% अनुदान सहयोग कार्यक्रम | ५०% |

विनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

## अनुसूची ८

दफा २० (क) संग सम्बन्धित

[illegible] सँगत साझेदारीमा खरिद/वितरन हुने यन्त्र/उपकरणहरुमा राखुपर्ने विवरण

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आ. व. ..........

.............................. कार्यक्रमबाट

....... प्रतिशत अनुदान प्राप्त

विनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

अनुसूची ९

दफा २० (क) संग सम्बन्धित

**कालिका नगरपालिकाको लागत साझेदारीमा सञ्चालित क्षेत्र विस्तार तथा प्रवर्द्धनात्मक कार्यक्रम/योजनाको सूचना पाटी**

कार्यक्रम/योजना सूचना पाटी

कार्यक्रमको नामः ...................... आ.व. ..........

सञ्चालित क्रियाकलाप र परिमाणः ....................

अनुदानग्राही संस्थाको नामः....................

सम्पर्क व्यक्तिको नामः....................

सम्पर्क नं ............................

लागत साझेदारी विवरणः

| लागत साझेदारी गर्ने निकाय | साझेदारी रकम | कैफियत |
|---|---|---|
| कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | रु.......... | ......... प्रतिशत |
| ......... कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी | रु.......... | ......... प्रतिशत |

विनोद रेग्मी
नगर प्रमुख

Scanned with CamScanner